United Nations
Educational, Scientific and
Cultural Organization

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**प्रेस विज्ञप्ति**

**मई ३ मा नेपालद्वारा विश्‍व प्रेस स्वतन्त्रता दिवस मनाइयो**

उच्चायुक्तको कार्यालय, युनेस्को तथा संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकः "अभिव्यक्ति स्वतन्त्रताका सबै सिद्धान्तहरू अनलाइनको संसारमा ल्याइनैपर्छ।"

**काठमाडौं, २०११ मई ३ (वैशाख २०):** प्रत्येक वर्ष मई ३ तारिखका दिन मनाइने विश्‍व प्रेस स्वतन्त्रता दिवस नेपाली पत्रकारहरूले "एक्काइसौं शताब्दीको सञ्चारमाध्यम: नयाँ सीमा, नयाँ अवरोधहरू"  विषयक गोष्ठीको आयोजना गरी मनाए।

सन् २०११ मा समारोहको जोड अभिव्यक्ति स्वतन्त्रता, लोकतान्त्रिक सुशासन र दिगो विकासमा योगदान पुर्‍याउने इन्टरनेट तथा डिजिटल मञ्चहरूको सामर्थ्यमाथि रहेको छ।

"इन्टरनेट, नयाँ प्रकारका सञ्चारहरूको उदय तथा अनलाइन सामाजिक सञ्जाल जस्ता डिजिटल क्रान्तिको आगमनले नेपालको सञ्चारजगतलाई आकार दिन थालेको छ। यस्तो विकासमा स्वतन्त्रपूर्वक जानकारी खोज्ने, प्राप्त गर्ने तथा प्रदान गर्न पाउने आफ्नो अधिकारको उपभोग गर्ने मानिसको क्षमतालाई विस्तार गर्नसक्ने ठूलो सामर्थ्य रहेको छ,"  संयुक्त राष्ट्रसङ्घीय आवासीय तथा मानवीय संयोजक रोबर्ट पाइपरले भन्नुभयो। तर नेपालमा परम्परागत तथा अनलाइन सञ्चारमाध्यममा सर्वसाधारणको पहुँच अझै पुगेको छैन। छापा माध्यम, टेलिभिजन तथा इन्टरनेटमा अधिकांशतः सहरी जनताको मात्र पहुँच छ।

"कुल जनसङ्ख्याको १० प्रतिशतभन्दा कम नेपालीहरूको मात्र ईन्टरनेटमा पहुँच छ। हाल देशको झण्डै ८२ प्रतिशत भूभागमा सुन्न सकिने रेडियो दुर्गम क्षेत्रमा पुग्नसक्ने एकमात्र सञ्चारमाध्यम हो। नयाँ तथा परम्परागत दुवैखाले सञ्चारमाध्यमको अभिव्यक्तिको स्वतन्त्रतालाई प्रोत्साहन गर्न यो एउटा राम्रो कारण हो," काठमाडौंस्थित युनेस्को कार्यालयका प्रमुख एक्सेल प्लाथले भन्नुभयो। नेपालमा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न आशालाग्दा प्रगति भए तापनि विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कको ११९औं स्थानबाट नेपाललाई माथि उकास्न बारम्बार भएका आक्रमण तथा दण्डहीनताको फलस्वरूप पत्रकारहरू आफैंले आफूमाथि लगाउने प्रतिबन्ध जस्ता थुप्रै चुनौतीहरूको समाधान गर्न बाँकी नै छ।

"नेपालको सञ्चारमाध्यमले गर्ने नयाँ सञ्चार प्रविधिहरूको प्रयोगले अभिव्यक्तिको स्वतन्त्रतालाई विस्तार गर्ने नवीन मार्गहरू प्रदान गर्ने कुरालाई नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले ध्यानमा लिएको छ। तथापि, सीमान्तीकृत समुदायहरू नयाँ सञ्चार माध्यमबाट थप टाढिने भएकाले यसले पहिल्यै डिजिटल रूपमा विभक्त समाजलाई थप विभाजित बनाउने पनि काम गर्दछ," नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो। "तसर्थ, सञ्चार नीतिहरूलाई मानवअधिकारको दृष्टिकोणबाट समीक्षा गरिनुपर्छ," उहाँले थप भन्नुभयो।

यो वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस २०औं पटक विश्वव्यापी रूपमा मनाइँदैछ। यो बीस वर्षमा प्रेस स्वतन्त्रतासम्बन्धी थुप्रै चुनौतीहरूलाई परास्त गरिए पनि अझ धेरै चुनौतीहरू बाँकी नै छन्। यसका अतिरिक्त, नयाँ प्रकारका सञ्चारमाध्यमहरूको उदय सँगसँगै सूचनालाई रोक्न, छान्न र त्यसमाथि प्रतिबन्ध लागउन नयाँ अवरोध र प्रयासहरूको सिर्जना भइरहेको छ। यो दिवस प्रेस स्वतन्त्रताका मौलिक सिद्धान्तहरूको पहिचान गर्ने, विश्वभर प्रेस स्वतन्त्रताको मूल्याङ्कन गर्ने, सञ्चारमाध्यमहरूको स्वतन्त्रतामा हुने आक्रमणहरूबाट तिनलाई बचाउने तथा आफ्नो पेशागत अधिकारको उपभोग गर्दा ज्यान गुमाएका पत्रकारहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने एउटा अवसर हो।

**Contact:**

UNESCO: Terhi Ylikoski, t.ylikoski@unesco.org, 555 4396, ext. 29
UN Human Rights Office: Chun Bahadur Gurung, cgurung@ohchr.org, 428 0164, ext. 320
UN Resident and Humanitarian Coordinator’s Office: Ram Babu Shah, ram.shah@undp.org, 552 3200